मेन्छयायेम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ्, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

**खोलानालाबाट प्राकृतिक श्रोत संकलन बिक्रीको लागि दरभाउपत्र आह्वान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७६-१०-१४ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) तथा दफा ६४ को उपदफा १(च) ले दिएको अधिकार प्रयोग गरी यस मेन्छयायेम गाउँपालिका भित्रका खोलानालाबाट प्राकृतिक स्रोत बिक्री गरि कर असुली सम्बन्धी कार्य आ.व. २०७६-०७७ को बाँकी अवधिको लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म-कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नहुन सूचीत गरिन्छ। अन्य थप जानकारीका लागि यस कार्यालयको सूचना पाटी, यस कार्यालयको वेभ साईट www.menchhayayemmun.gov.np तथा कार्यालय समय भित्र गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ।

***ढुंगा, गिट्टि, बालुवा, भरोट आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करकोठेक्का विवरण***

| सि.नं | आय ठेक्का नं. | ठेक्काको नाम | नदीखोलाहरुको विवरण | न्यूनतम ठेक्का अंक | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम दाखिला गर्ने खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | 01-RIVER-076-77 | नदिजन्य पदार्थ (बालुवा ढुङ्गा, गिटि) संकलन एवंम् बिक्रि ) | **ताङमाया खोला, इवा खोला, खोरुङा खोला** | **१,४७,०००।- एक लाख सडचालिस हजार मात्र।** | रु.१,०००।- | २०७६-१०-२८ | २०७६/१०/२९ गते १२:०० बजे | २०७६-१०-२९ गते २:०० बजे |

शर्तहरु :

१.ठेक्काको अवधी सम्झौता मिति देखि **२०७७ साल असार मसान्त**सम्म हुनेछ तर नदिबाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन् कार्यको अवधि २०७७ साल जेठ मसान्त सम्म मात्र हुनेछ।

२.बोलपत्र दाताले खामको बाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ।

३.बोलपत्र खरिदकर्ताले बोलपत्र फारम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण आ.व.२०७५-०७६ आयकर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपि साथ बोलपत्र खरिद गर्दा नियामानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ।

४.ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी वापत **कबोल अंकको ५ प्रतिशत रकम धरौटी** राख्नु पर्नेछ। धरौटी वापत यस मेन्छयायेम गा.पा मोराहाङ, तेह्रथुमको नाममा एन सि सि बैंक शाखा कार्यालय,मोराहाङ्गमा रहेको धरौटी खाता नं. १५००००००१८००१ मा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकबाट जारी भएको ९० दिन म्याद भएको बैंक ग्यारेन्टी संलग्न राखी सिलबन्दि दरभाउपत्र फाराम पेश गरेको हुनुपर्नेछ।

**५.कबोल गरेको रकम एकमुष्ट अग्रिम बुझाउनु पर्नेछ।**

६.बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। दर्ता भएका सिलबन्दी दरभाउपत्र फिर्ता तथा संसोधन हुने छैन।

७.दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै ब मोजिम खोलिने कार्यक्रम पनि हुनेछ।

८.रितपूर्वक दाखिला भएका दरभाउपत्रहरु मध्ये घटी वा बढी वालाको दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहितको बोलपत्र स्विकार्य हुने छैन।

९.ठेकेदारले स्वीकृत IEE प्रतिवेदन, नेपाल सरकार, प्रदेश सरकार तथा यस कार्यालयले समय समयमा दिएको निर्देशन ,ढुंगा गिट्टी, बालुवा जिल्ला अनुगमन तथा समन्वय समितिका निर्णयहरु तथा प्रचलित सम्बन्धित कानुनका व्यवस्थालाई पालना गर्नु पर्नेछ। साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ।

१०.यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन्।

११. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार मेन्छयायेम गाउँपालिकामा सुरक्षित रहनेछ ।

..............................

प्रमुख प्रशासकीय अधिकृत